नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ६५१

मिति :- २०७९/७/२९

विषय: सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री स्थानीय तह, सबै।

उपरोक्त सम्बन्धमा नेपाल सरकारले मिति २०७७/०७/२४ मा राजपत्रमा सूचना प्रकाशन गरी मिति २०७७/८/१ देखि मिति २०७८/८/१ सम्ममा सबै स्थानीय तहहरुले बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने निर्णय गरेपश्चात् हाल मुलुकका सबै स्थानीय तहमा बैंक शाखा पुगिसकेको हुँदा चालु आ.व देखि सबै स्थानीय तहहरुले सम्बन्धित लाभग्राहीको बैंक खातामा भत्ता रकम जम्मा गरी बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको अवस्था छ।

यद्यपि, सामाजिक सुरक्षा कार्यक्रमका लागि स्थानीय तहमा निकासा भएको रकम कतिपय स्थानीय तहमा केही जनप्रतिनिधि एवं कर्मचारीहरुले घरघरमै भत्ता बाँड्ने भन्दै आफ्नो व्यक्तिगत बैंक खातामा जम्मा गरेको भन्ने जानकारी प्राप्त भएको छ। सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तर्गत सम्बन्धित स्थानीय तहमा निकासा भएको रकम सम्बन्धित लाभग्राहीको बैंक खातामा बाहेक अन्य व्यक्तिको व्यक्तिगत बैंक खातामा जम्मा गर्ने कार्य आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ विपरित, गैरकानूनी र अनियमित भएको हुँदा यस प्रकारको कार्य नगर्नु नगराउनु हुन अनुरोध छ। लाभग्राहीको नाममा प्राप्त भएको रकम जनप्रतिनिधि, कर्मचारी वा अन्य असम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा गर्ने कार्य प्रचलित कानून बमोजिम कसूर ठहरिने हुँदा सोही अनुसार कारवाही भईजाने व्यहोरा समेत अनुरोध छ।

२०७९/७/२९

(सागर मणि पाठक)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np